जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २६६ पृष्ठः ४ | २०८२ फाल्गुन ०३ आइतबार (Sunday 15 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा एमालेका दुई पूर्व सांसदसहितका नेताले छाडे पार्टी

सिरहा, २ फाल्गुन। नेकपा एमले सिरहाका २ पूर्व सांसदसहित ५ दर्जनबढी नेता कार्यकर्ताले आज पार्टी परित्याग गरेको घोषणा गरेका छन्। सिरहाको गोलबजारमा शनिवार अपरान्ह पत्रकार सम्मेलनगरी उनीहरुले नेतृत्वप्रति असन्तुष्टि जनाउँदै पार्टी परित्याग गरेका हुन्। पार्टी परित्याग गर्नेहरुमा पूर्व सांसद जानकी राम, निवर्तमान सांसद सम्झना थपलिय, पार्टीका जिल्ला कमिटी सचिवालय सदस्य, उद्योग व्यवसायी महासंघका केन्द्रिय सदस्य तथा जिल्ला इन्चार्ज फूलेश्वर नायक, नेपाल उद्योग व्यसायी महासंघका सिरहा जिल्ला अध्यक्ष पशुपति साह, नगर कमिटी सदस्य लक्षमण यादव, गोलबजार ९ नम्वर वडा कमिटी सदस्य बिरेन्द्र कुमार सिंहले शनिबार पार्टीको साधारण सदस्यसमेत नरहने घोषणा गरेका हुन्।



पार्टीभित्र बढ्दो स्वेच्छाचारिता, व्यक्तिवादी कार्यशैली, विधि–पद्धती र सिद्धान्तबाट विचलित तथा आन्तरिक लोकतन्त्रको क्षयिकरणप्रति गम्भीर चिन्ता व्यक्त गर्दै आफूहरु पार्टी परित्याग गर्न बाध्य भएको विज्ञप्तीमा उल्लेख गरेको छ। 'पार्टीलाई सही मार्गमा ल्याउन सुधारका लागि बारम्बार रचनात्मक आवाज उठाउँदासमेत नेतृत्व तहबाट कुनै सुनुवाई नहुनु, इमान्दार कार्यकर्ताहरुलाई निरुत्साहित गर्ने प्रवृति मौलाउनु र विचारभन्दा व्यक्तिको वर्चस्व हामी हुनुजस्ता कारणले हामी बाध्यात्मक परिस्थितिमा पुगेका छौं।' निर्वतमा सांसद सम्झना थपलियाले बाचन गरेको विज्ञप्तीमा उल्लेख भएको छ।

उनीहरुले नेतृत्व भनेर सम्वोधन गरिएका नेकपा एमालेका केन्द्रिय सदस्य तथा मधेश प्रदेश संयोजक लिलानाथ श्रेष्ठ हुन्। उनी अहिले सिरहा क्षेत्र नम्वर ३ का एमालेबाट प्रतिनिधीसभाका उम्मेद्वार समेत हुन्। उनको स्वेच्छाचारी प्रवृतिले आजित भएर आफूहरु पार्टीमा बस्नै नसक्ने अवस्था रहेको बताए। उनीहरुले राजनीतिको उद्देश्य पद र शक्ति होइन, जनताको हित, सुशासन र नैतिकता हो। पार्टीभित्र देखिएका विकृतिले आम जनतामा जन्यायको अनुभूति गराएको यथार्थलाई नेतृत्वले गम्भीर रुपमा आत्मसात गर्नेछ भन्ने अपेक्षा राख्दै, हामी अव स्वच्छ, उत्तरदायी र परिवर्तनमुखी राजनीतिक यात्रामा अगाठी बढ्ने प्रतिबद्धता व्यक्त गरे। त्यसैगरी, शनिबारै गोलबजार नगारपालिका

–बाँकी दुई पेजमा

## लहानका २४ वटै वडामा निःशुल्क क्यान्सर शिविर



सिरहा, २ फाल्गुन। लहान नगरपालिकाले नगरवासीको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै २४ वटै वडामा निःशुल्क क्यान्सर पहिचान तथा उपचार शिविर सञ्चालन गर्ने भएको छ। क्यान्सर रोगको समयमै पहिचान गरी जोखिम न्यूनीकरण गर्ने उद्देश्यले नगरपालिकाले 'लहान क्यान्सर केयर सेन्टर' सँग आज औपचारिक सम्झौता गरेको छ। एक समारोहका बिच नगरपालिका र केयर सेन्टरबिच सम्झौता भएको घोषणा गरिएको हो। कार्यक्रममा लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले क्यान्सर जस्तो गम्भीर रोगको समयमै पहिचान भए उपचार सम्भव हुने बताउनुभयो। उहाँले भन्नुभयो, "हामी नगरका सबै

–बाँकी दुई पेजमा

## सिरहामा ब्राउन सुगरसहित एक भारतीय पक्राउ

सिरहा, २ फाल्गुन। सिरहा प्रहरीले मिर्चैया नगरपालिका ६ स्थित कटारी चोकबाट अवैध लागुऔषध ब्राउन सुगरसहित एकजना भारतीयलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा भारतको विहार, मधुवनी जिल्लाका २१ वर्षीय मोहमद नजरुल मियाँलाई बिहीबार नियन्त्रणमा लिएको हो।

मियाँको साथबाट ५२ ग्राम ५०० मिलिग्राम ब्राउन सुगर बरामद गरिएको पालले जानकारी दिए। भारतबाट नेपालतर्फ शंकास्पद रूपमा आइरहेका मियाँले ब्राउन सुगर लुकाइछिपाइ ल्याएको अवस्थामा प्रहरीले फेला पारेको थियो। पक्राउ परेका मियाँलाई जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। पछिल्लो समय सिरहा प्रहरीले सीमा क्षेत्रमा लागुऔषध ओसारपसार र बिक्री–वितरणविरुद्ध निगरानी बढाउँदै आएको छ।

## जसपाका वरिष्ठ उपाध्यक्ष चौधरी कांग्रेस प्रवेश



सर्लाही, २ फाल्गुन। जनता समाजवादी पार्टी नेपालका केन्द्रीय नेताहरू नेपाली कांग्रेस प्रवेश गरेका छन्। शनिबार जसपा नेपालका वरिष्ठ उपाध्यक्ष केदारनन्दन चौधरी, नेताहरु मनिष मिश्र र केदारसिंह ठटौलाहितका नेता कार्यकर्ताहरू कांग्रेसमा समाहित भएका हुन्। सर्लाहीमा चुनावी अभियानमा रहेका कांग्रेस सभापति एवं सर्लाही ४ का उम्मेदवार गगनकुमार थापाले

–बाँकी दुई पेजमा




**निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं।**

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन।
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्द कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन।
- निर्वाचन आचारसंहिता उल्लंघन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन वोर्डमा उजुरी गरौं।

**निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## लोकतन्त्रका लागि बढ्दो खतरा

सामाजिक सञ्जाललाई यसैका केही अभद्र प्रयोगकर्ताले असामाजिक बनाएका छन्। दुःखको कुरा राजनीतिक दलका समर्थक र कार्यकर्ताहरू बढी नै छुद्र देखिन्छन्। यसरी छुद्रता प्रकट गर्नेमा पनि एकाध दलका समर्थकहरू बढी आक्रामक र असहिष्णु रहेका छन्। हुनत, मनोविज्ञानअनुसार यस्तो छुद्रता मनोविकार हो। मनोविकारको विरेचन हुने भएकाले गाली गर्नेले आनन्द अनुभव गर्छ। यसरी हेर्दा सामाजिक सञ्जालमा छुद्र गाली गर्नेहरू मनोरोगी देखिन्छन् भने गाली गरेर उनीहरूभित्रको विकारको विरेचन गरिरहेका हुन्छन्। छुद्र गाली गर्नेहरूले भने सामाजिक सञ्जालहरूले दिएको सुविधाको बढी नै दुरुपयोग गरिरहेका छन्। पहिलो त, व्यक्ति विशेषलाई लक्षित गरेर सामाजिक सञ्जालमार्फत् भ्रामक प्रचारबाजी गर्नु प्रविधिले दिएको सुविधाको चरम दुरुपयोग हो। यस्तो दुरुपयोग अपराधकै हदसम्म भइरहेको छ।

व्यक्तिको परिचय लुकाएर गरिने छुद्र गाली र अनर्गल प्रचारबाजी सामाजिक सञ्जालका मनोरोगी प्रयोगकर्ताले गर्दैआएको अर्को अपराध हो। यो त सामाजिक सञ्जालकै विरुद्ध गरिएको नैतिक अपराध पनि हो। यस्तै मनोरोगीहरूका कारण अस्ट्रेलियालगायतका देशले किशोरकिशोरीलाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्धै लगाएका हुन्। विडम्बना, आफ्ना समर्थकहरूले अरूलाई छुद्र गाली गर्दा ताली बजाउने आफूले गाली खानुपर्दा तिलमिलाउँदा रहेछन्। जे रोपेको हो त्यही न फल्छ। राजनीतिक संस्कार र दीक्षा नभएका भुइँफुट्टा नेताहरूमा यस्तो प्रवृत्ति बढी देखिएको छ। तिनले एकपटक आत्मसमीक्षा गर्नु जरुरी देखिन्छ।

जति नै अनुहार लुकाउन खोजे पनि वा संसारको जुनसुकै कुनामा लुकेर बसे पनि साँच्चै नै राज्यले खोज्यो भने यस्ता मनोरोगीलाई फेला पार्न भने सक्छ। चुनावमा तिनले दिएको तनाव र गरेको क्षति सम्झेर कसैले इबी साध्न खोज्यो भने अप्रिय घटना हुनसक्ने जोखिमलाई अस्वीकार गर्न सकिँदैन। यसैले त्यस्तो अवस्था आउन नदिन अहिले नै सबै राजनीतिक दलका नेताहरू मानसिकरूपमा तयार हुनु जरुरी देखिन्छ। यी सञ्जालका मनोरोगीप्रति इबी राख्ने वा साध्ने काम गर्नु हुँदैन। राज्यले सके त यस्ता मनोरोगीलाई खोजेर सुधार गृहमा राखी उपचार गर्नुपर्ने हो तर सम्भवतः यसो गर्नु व्यावहारिक हुँदैन। वास्तवमा यस्तो छुद्रताको अन्त्य मतदाताले गर्न सक्छन्। जुन नेता वा दलका कार्यकर्ता बढी अभद्र र असामाजिकरूपमा प्रस्तुत हुन्छन् तिनलाई मत नदिने अठोट नागरिकले गर्नुपर्छ। अनि बल्ल दलका नेताहरूले नै तिनका असामाजिक समर्थकहरूलाई चुप लगाउनेछन्। नत्र, निर्वाचन नामको लोकतन्त्रको पावन अनुष्ठान गालीको फोहोरी होडमा परिणत हुनेछ।

# दलको प्रचार सामग्री मात्र होइन घोषणापत्र



भानु पराजुली

नेपालमा धेरै आमनिर्वाचन सम्पन्न भए। हरेक निर्वाचनअघि राजनीतिक दलहरूले आकर्षक घोषणापत्र सार्वजनिक गरे। तर ती घोषणापत्रहरू कति कार्यान्वयन भए, कति प्रतिवद्धता पूरा भए भन्ने प्रश्नको उत्तर आज आम रूपमा नकारात्मक छ। घोषणापत्र चुनाव जित्ने साधन बने, तर शासन गर्ने मार्गदर्शक बनेनन्। यही कारण जनतामा बिस्तारै निराशा, रोष र आक्रोश थुप्रिँदै गयो। त्यसको स्पष्ट अभिव्यक्ति यही २३ र २४ भदौमा नराम्ररी पोखियो।

जनताको यो आक्रोश केवल कुनै एक दल, एक चुनाव चिह्न वा एक सरकारविरुद्ध होइन, यो समग्र राजनीतिक संस्कार, चुनावी अभ्यास र घोषणापत्रको अविश्वसनीयताविरुद्धको प्रतिक्रिया हो। जनताले देखे–घोषणापत्रमा लेखिएका वाचा सरकार बनेपछि बिर्सिन्छन्, असफलताका लागि कसैले जिम्मेवारी लिँदैन र चुनाव फेरि उही भाषण र उही कागजसहित दोहोरिन्छ। यसले निर्वाचन प्रक्रिया नै जनअपेक्षाभन्दा तल झर्दै गएको अनुभूति गराएको छ।

यो सन्दर्भमा निर्वाचन, राजनीतिक दल र चुनाव चिह्नभन्दा माथि उठेर घोषणापत्रलाई पुनः अर्थपूर्ण बनाउनुपर्ने आवश्यकता देखिएको छ। लोकतन्त्र कुनै दिनको प्रक्रिया होइन। शहीदहरूको बलिदान, घाइते र पीडित परिवारहरूको पीडा र करिब सात दशक लामो लोकतान्त्रिक संघर्षले आजको व्यवस्था सम्भव भएको हो। यस्तो ऐतिहासिक बलिदानमाथि उभिएको लोकतन्त्रमा घोषणापत्र केवल औपचारिक दस्तावेज बनेर बस्न सक्दैन।

आज प्रश्न स्पष्ट छ– अब नसुनिने हो भने कहिले ? नयाँ भनिने दल हुन् वा पुराना स्थापित दल, घोषणापत्रलाई गम्भीर सामाजिक सम्झौता नमान्ने प्रवृत्ति अब स्वीकार्य छैन। जनतामा बढ्दो असन्तोषको पृष्ठभूमिमा राजनीतिक दलहरूसामु विकल्प छैन– या त आफैँ सुधिनु, या जनविश्वास पूर्ण रूपमा गुमाउनु। यही सन्दर्भले आज घोषणापत्रलाई पुनः परिभाषित गर्नुपर्ने बाध्यता र ऐतिहासिक जिम्मेवारी दुवै सिर्जना गरेको छ।

**घरभित्रको लोकतन्त्र सुधार**

निर्वाचन घोषणापत्र कुनै दलको प्रचार सामग्री मात्र होइन, त्यो दल र नागरिकबीचको औपचारिक सामाजिक सम्झौता हो। यो दस्तावेजले दलभित्रको लोकतन्त्र, सुशासनप्रतिको इमानदार प्रतिबद्धता र जनताप्रतिको जवाफदेहितालाई एकैसाथ प्रतिविम्बित गर्नुपर्छ।

त्यसैले घोषणापत्रको सुरुवात नै हामी कत्तिको लोकतान्त्रिक छौँ भन्ने आत्मपरीक्षणबाट हुनुपर्छ। दलभित्र निर्णय कसरी हुन्छ, नेतृत्व चयन कति पारदर्शी छ, असहमति र आलोचनालाई कसरी व्यवस्थापन गरिन्छ– यी प्रश्नको उत्तर दिन नसक्ने दलले राज्य सञ्चालनमा लोकतन्त्रको विश्वसनीय अभ्यास गर्छ भन्ने दाबी कमजोर हुन्छ। बाहिर लोकतन्त्रको वकालत गर्ने दल पहिले आफ्नै घरभित्र लोकतान्त्रिक संस्कार स्थापित गर्न सक्नुपर्छ, घोषणापत्र त्यसको लिखित प्रमाण हुनुपर्छ।

घोषणापत्रले सत्तामा पुगेपछि के गर्छौं भन्ने सूची मात्र होइन, कसरी गर्छौं भन्ने विधि र प्रक्रिया स्पष्ट गर्नुपर्छ। संविधानबमोजिम राज्यका अंगहरू: कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका– को स्वायत्तता, शक्ति सन्तुलन र परस्पर सम्मान सुनिश्चित गर्ने स्पष्ट प्रतिबद्धता घोषणापत्रको आधार हुनुपर्छ।

शक्तिव्यक्तिमा केन्द्रित गर्ने होइन, संस्थामा बाँड्नेत्र इच्छाअनुसार शासन गर्ने होइन, विधिअनुसार शासन गर्ने– यो दृष्टिकोण घोषणापत्रको मूल आत्मा हुनुपर्छ। यसै सन्दर्भमा दलको दीर्घकालीन दृष्टिकोण (१०–२५ वर्ष), मध्यकालीन लक्ष्य (५ वर्ष) र अल्पकालीन प्राथमिकता (वार्षिक) बीचको सम्बन्ध स्पष्ट देखिनुपर्छ, ताकि सरकार परिवर्तन भए पनि नीतिगत निरन्तरता कायम रहोस्।

मापनयोग्य अर्थनीति र सामाजिक सुरक्षा : नेपालजस्तो राजनीतिक संक्रमण, आर्थिक दबाब र जनविश्वासको संकट झेलिरहेको मुलुकमा घोषणापत्रले भावनात्मक नाराभन्दा तथ्य र लक्ष्यलाई प्राथमिकता दिनुपर्छ। विषयगत क्षेत्रमा घोषणापत्र मापनयोग्य हुनुपर्छ।

उदाहरणका लागि, वैदेशिक सम्बन्ध र अन्तर्राष्ट्रिय सहकार्यमा 'सन्तुलित कूटनीति' भन्ने सामान्य वाक्य पर्याप्त हुँदैन। कुन देश र क्षेत्रमा कस्तो आर्थिक, व्यापारिक, प्रविधि वा श्रम सहकार्य गरिन्छ, त्यसबाट राष्ट्रिय हितलाई कस्तो लाभ पुग्छ– यी सबै स्पष्ट खाकासहित आउनुपर्छ। श्रम कूटनीतिमा आप्रवासी श्रमिकको सुरक्षा, सीप हस्तान्तरण र स्वदेश फर्किएपछि पुनःएकीकरण कसरी गरिन्छ भन्ने नीति पनि घोषणापत्रमै खुल्नुपर्छ।

आर्थिक नीतिमा घोषणापत्र अझै स्पष्ट हुन आवश्यक छ। नेपालको अर्थतन्त्र रेमिट्यान्समा अत्यधिक निर्भर छ, जुन दीर्घकालीन रूपमा असुरक्षित आधार हो। त्यसैले पाँच वर्षभित्र कुल गार्हस्थ्य उत्पादनमा रेमिट्यान्सको योगदान २५ प्रतिशतबाट १८ प्रतिशतमा झार्ने जस्ता किटानी लक्ष्य घोषणापत्रमै राखिनुपर्छ। यसका लागि स्वदेशमै कृषि, उद्योग, पर्यटन, ऊर्जा र हरित रोजगारीमार्फत ठूलो संख्यामा रोजगारी सिर्जना गरिने स्पष्ट योजना आवश्यक हुन्छ। प्रवासी बचत बन्ड, सहुलियत लगानी कोष, रेमिट्यान्सलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने कर नीति घोषणापत्रको अभिन्न हिस्सा हुनुपर्छ।

त्यसैगरी, आयात–निर्यात सन्तुलन घोषणापत्रको प्रमुख सूचक हुनुपर्छ। आयात घटाउन र निर्यात बढाउने भन्ने नारा होइन, पाँच वर्षमा आयात यति प्रतिशतले घटाउने र निर्यात यति प्रतिशतले बढाउने भन्ने लक्ष्य स्पष्ट हुनुपर्छ। कृषि, ऊर्जा, पर्यटन, उद्योग–कसरी आत्मनिर्भरता बढाइन्छ र निर्यात विस्तार गरिन्छ भन्ने रोडम्याप घोषणापत्रमै देखिनुपर्छ। यसले रोजगारी सिर्जना, आम्दानी वृद्धि, क्षेत्रीय सन्तुलन र सांस्कृतिक पहिचान संरक्षणमा कस्तो योगदान पुऱ्याउँछ भन्ने समग्र सामाजिक–आर्थिक दृष्टिकोण पनि समेटनुपर्छ।

कृषि, जल, जमिन र जंगल जस्ता आधारभूत स्रोत घोषणापत्रका सजावटी विषय होइनन्। कृषि–खाद्यमा आत्मनिर्भरता हासिल नगरी व्यापार घाटा घटाउन र ग्रामीण गरिबी न्यूनीकरण गर्न सकिँदैन। त्यसैले घोषणापत्रले धान, मकै, तरकारी र दुग्धजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने किटानी लक्ष्य, सिँचाइ विस्तार, न्यूनतम समर्थन मूल्य, किसान बीमा र प्रशोधन उद्योग स्थापना जस्ता नीति स्पष्ट गर्नुपर्छ। जल, जमिन र जंगलको दिगो व्यवस्थापनमा नीति र अभ्यासबीचको खाडल स्वीकार गर्दै त्यसलाई यसरी घटाइन्छ भन्ने स्पष्ट योजना आवश्यक हुन्छ।

सामाजिक न्याय र सामाजिक सुरक्षा पनि घोषणापत्रका अनिवार्य आधार हुन्। जीवन बीमा, स्वास्थ्य बीमा र सामाजिक सुरक्षा अब नारा होइन, नागरिक अधिकारका रूपमा सुनिश्चित गरिनुपर्छ। घोषणापत्रले चरणबद्ध रूपमा सबै नागरिकलाई बीमाको दायरामा ल्याउने, प्रिमियमको निश्चित हिस्सा राज्यले बेहोर्ने र गरिब तथा दुर्गम क्षेत्रका नागरिकलाई पूर्ण संरक्षण दिने स्पष्ट प्रतिबद्धता गर्नुपर्छ। यसको वित्तीय स्रोत, दिगोपना र कार्यान्वयन संरचना नखुलाई घोषणापत्र विश्वसनीय हुँदैन।

सुशासनबिना विकास हुँदैन : यी सबै लक्ष्य हासिल गर्न सुशासन केन्द्रीय सर्त हो। भ्रष्टाचार नियन्त्रण, पारदर्शी सार्वजनिक खरिद, डिजिटल शासन र विगतका अनियमिततामाथि कारबाही गर्ने साहसबिना कुनै पनि घोषणापत्र अर्थपूर्ण हुँदैन। घोषणापत्रले आफ्नै कार्यसम्पादन मूल्यांकन गर्ने औजार पनि प्रस्ताव गर्नुपर्छ– सूचक, समयसीमा, वार्षिक सार्वजनिक प्रतिवेदन र नागरिक अनुगमन। यदि यी प्रतिबद्धता पूरा भएनन् भने अर्को आवधिक निर्वाचनमार्फत जनताले सजाय दिन सक्छन् भन्ने लोकतान्त्रिक अस्त्र जीवितै छ भन्ने स्वीकारोक्ति नै परिपक्व लोकतन्त्रको चिह्न हो।

अन्ततः निर्वाचन घोषणापत्र सत्ता माग्ने कागज होइन, जवाफदेही बन्ने लिखित वाचा हो। सत्य बोल्ने साहस, किटानी लक्ष्य र कार्यान्वयनको स्पष्ट बाटो देखाउने घोषणापत्रले मात्र जनविश्वास पुनःस्थापित गर्न सक्छ र लोकतन्त्रलाई परिपक्व बनाउँछ। चेतना भया ! शिलापत्रबाट

# रौतहटमा नक्कली हजारका १४ थान नोटसहित दुई जना पक्राउ

रौतहट, २ फाल्गुन। रौतहटमा नक्कली नेपाली हजार दरका १४ थान नोटसहित दुईजना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार बिहीबार अपराह्न करिब ३ बजे वृन्दावन नगरपालिका–१ विश्रामपुर बजारस्थित विशाल किराना पसलमा पेट्रोल किन्न पुगेका दुई जनाले नक्कली नोट प्रयोग गर्न खोजेपछि घटना सार्वजनिक भएको हो। पक्राउ पर्नेमा वृन्दावन–२ विश्रामपुरका ३२ वर्षीय दिनेश पटेल र सर्लाही बरहथवा नगरपालिका–१ का ३० वर्षीय विवेक प्रसाद यादव रहेका छन्। उनीहरू बीआर ३० एआर ७७५५ नम्बरको मोटरसाइकलमा आएका थिए।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बिष्णु प्रदीप बस्यालका अनुसार पसल सञ्चालकले दिएको नोट शंकास्पद देखिएपछि प्रहरीलाई खबर गरेका थिए। त्यसपछि खटिएको प्रहरी टोलीले जाँच गर्दा दिनेश पटेलको गोजीबाट हजार दरका १२ थान र विवेक प्रसाद यादवले मोबाइल कभरभित्र लुकाएर राखेको हजार दरका २ थान गरी जम्मा १४ थान नक्कली नोट बरामद गरेको जनाएको छ। दुवै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

### *सिरहामा एमालेका ...*

१० का वडा संयोजकसहित धर्मपुर गाउँका ४ दर्जनबढी नेता कार्यकर्ताले पनि पार्टी परित्याग गरेको घोषणा गरेको छ। उनीहरुले पनि नेतृत्वको एकात्मक कार्यशैलिन, कुशासन र नयाँलाई भित्र्याएर पुराना कार्यकर्तालाई पाखालगाउने प्रवृतिले पार्टीमा रहिरनुको औचित्य नरहेको भन्दै पार्टी परित्यागको घोषणा गरेका हुन्।

यस अघिपनि नेतृत्वप्रति असन्तुटि जनाउँदै दर्जनौं नेता कार्यकर्ताले पार्टी परित्याग गरेका थिए।

### *लहानका ...*

वडामा पुगेर निःशुल्क शिविरमार्फत सेवा दिने छौं। करिब एक हजार जना नगरवासीलाई यो सेवा उपलब्ध गराउने हाम्रो मुख्य योजना छ।"

नगर प्रमुख चौधरीले शिविरमार्फत क्यान्सरको प्रारम्भिक पहिचान गरिने र थप उपचार आवश्यक पर्ने बिरामीका लागि समन्वय गरिने जानकारी दिनुभयो। यस अभियानका लागि नगरपालिकाले आवश्यक बजेटको व्यवस्थापन गरिसकेको छ। लहान क्यान्सर केयर सेन्टरका प्रमुख अशोकलाल अमात्यले क्यान्सर पहिचान अभियान सुरु गरिने जानकारी दिनुभयो। उहाँका अनुसार शिविरमा पहिचान भएका बिरामीको उपचारमा भक्तपुर क्यान्सर अस्पतालले प्राविधिक सहयोग गर्ने छ। यस अभियानमा लायन्स क्लब अफ लहानलगायत स्थानीय संघ संस्थाले पनि समन्वय र सहजीकरण गर्ने छन्।

केयर सेन्टरले यसअघि पनि पूर्वाञ्चल क्यान्सर अस्पताल झापा र भक्तपुर क्यान्सर अस्पतालसँगको सहकार्यमा सेवा प्रदान गर्दै आएको छ भने समुदाय र विद्यालयस्तरमा सचेतना कार्यक्रम गर्दै आएको छ। त्यस्तै, प्रत्येक महिनाको अन्तिम बुधबार विशेषज्ञ चिकित्सकमार्फत स्क्रिनिङ सेवा दिँदै आएको छ। साथै, महिलामा हुने पाठेघरको मुखको क्यान्सर पहिचानका लागि 'प्याप स्मेयर' परीक्षण दैनिक रूपमा भइरहेको जनाइएको छ। समारोहमा भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. उज्ज्वल साहले लहान क्यान्सर सेन्टरसँग प्राविधिक सहकार्य गर्न आफूहरू तयार रहेको बताउनुभयो। उहाँले यो अभियानले सिराहा मात्र नभई सप्तरी र उदयपुरसम्मका बिरामीलाई राहत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

### *जसपाका वरिष्ठ ...*

नवप्रवेशी नेताहरूलाई स्वागत गरे। थापाको चुनावी अभियानका क्रममा सर्लाहीका विभिन्न पार्टी परित्याग गरी कांग्रेसमा प्रवेश गर्नेहरूको लहर चलेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# ब्याटल ग्राउन्ड मधेस : जहाँ हुँदैछ 'हेभीवेट' भिडन्त

जनकपुरधाम, २ फाल्गुन। फागुन लागेसँगै मौसमी गर्मी पनि बिस्तारै बढ्दैछ। उता प्रतिनिधिसभाको निर्वाचनको दिनगन्ती सुरू हुँदै गर्दा चुनावी सरगर्मी भने झनै बढ्दैछ। यसपटकको निर्वाचनमा झापा–५ सँगै मधेस पनि 'इपिसेन्टर' बन्दैछ। किनकि मधेस प्रदेशमा हेभीवेट उम्मेदवारहरूको संख्या निकै छ। सर्लाही–४ नेपाली कांग्रेसका सभापति गगन थापाका कारण चर्चामा छ। उनलाई यस क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार अमरेशकुमार सिंहले चुनौती दिँदैछन्। यस्तै धनुषा–३ मा कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधि र नेकपा एमालेकी नेतृ एवं पूर्व मन्त्री जुलीकुमारी महतो आमनेसामने हुँदैछन्। सर्लाही–२ मा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का महिन्द्र राय यादवबिच प्रतिस्पर्धा हुँदैछ।

यसैगरी धनुषा–४ मा एमाले उपमहासचिव रघुवीर महासेठलाई कांग्रेसका निवर्तमान सहमहामन्त्री एवं पूर्व मन्त्री महेन्द्र यादवले चुनौती दिँदैछन्। सप्तरी–२ मा जनमत पार्टीका अध्यक्ष डा. सीके राउतलाई उनीबाटै छुट्टिएएका स्वाभिभान पार्टीका सतिश सिंह र जनता समाजवादी पार्टी (जसपा) नेपालका उमेश यादवले टक्कर दिँदैछन्।

**सर्लाही–४ : गगनलाई अमरेशको चुनौती**

कांग्रेसका नवनिर्वाचित सभापति गगन थापा लामो समयदेखि निर्वाचन लड्दै आएको क्षेत्र काठमाडौं–४ छोडेर यसपालि मधेसको सर्लाही–४ झरेका छन्। यो क्षेत्रमा थापालाई कुनै बेला उनकै सहयात्री रहेका डा. अमरेशकुमार सिंहले चुनावी मैदानमा चुनौती दिने आकलन गरिएको छ। अघिल्लो निर्वाचनमा स्वतन्त्र उम्मेदवार बनेर निर्वाचित भएका सिंह यसपटक रास्वपाबाट चुनाव लड्दैछन्। २०७९ को प्रतिनिधिसभा निर्वाचनमा सिंहले कांग्रेसबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएका थिए। त्यसबेला उनी २० हजार १७ मत ल्याएर प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए। उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेस उम्मेदवार नागेन्द्र कुमारले १८ हजार २५३ मत पाएका थिए। उनलाई तत्कालीन नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले सघाएका थिए। उक्त निर्वाचनमा रास्वपाका उम्मेदवार धिरज ठाकुरले ३१८ मत मात्रै पाएका थिए। तर अमरेशको प्रवेशले यसपटक रास्वपाले बलियो उपस्थिति जनाउने अनुमान गरिएको छ। यद्यपि सर्लाही–४ मा कांग्रेसको मजबुत संगठन रहेककाले गगनलाई जित्न असहज नरहेको विश्लेषण पनि सुनिन्छ।

**धनुषा–३ : निधि, जुली र मनिषबिच त्रिपक्षीय प्रतिस्पर्धा**

धनुषा क्षेत्र नम्बर ३ मा कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधि, एमाले नेतृ एवं पूर्वमन्त्री जुलीकुमारी महतो र रास्वपा प्रवक्ता मनिष झाको त्रिपक्षीय प्रतिस्पर्धा हुने देखिन्छ। अघिल्लो निर्वाचनमा निधि समानुपातिक कोटाबाट प्रतिनिधिसभा पुगेका थिए। २०७४ को निर्वाचन यस क्षेत्रबाट निर्वाचन लड्दा निधिलाई तत्कालीन राजपाका उम्मेदवार राजेन्द्र महतोले पराजित गरेका थिए। एमाले उम्मेदवार जुलीकुमारी महतोले २०७९ को निर्वाचनमा तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का उम्मेदवार अनिलकुमार झालाई पराजित गरेकी थिइन्। तर यस पटकको निर्वाचनमा कांग्रेस र एमाले दुवैको राम्रो पकड रहेको यो क्षेत्रमा निधि र जुलीसँगै रास्वपा पनि चुनौती दिँदै मैदानमा छ। रास्वपा र बालेन शाहको देशव्यापी लहरको प्रभाव मधेसका जिल्लामा पनि पर्ने संकेत देखिएको छ। जसकारण धनुषा–३ मा कांग्रेस, एमाले र रास्वपाको त्रिपक्षीय भिडन्त हुने देखिन्छ।



**धनुषा–४ : रघुवीर भर्सेस महेन्द्र**

मधेसमा हेभीवेट नेतालाई हेवीवेटले नै चुनौती दिने अर्को क्षेत्र हो धनुषा–४। यो क्षेत्रमा एमाले उपमहासचिव रघुवीर महासेठ र कांग्रेसका निवर्तमान सहमहामन्त्री महेन्द्र यादव आमनेसामने हुँदैछन्। २०७९ को निर्वाचनमा महासेठले यादवलाई नै पराजित गरेर प्रतिनिधिसभा पुगेका थिए। महासेठले १२४ मतको झिनो मतान्तरले जित निकालेका थिए। महासेठले ३२ हजार २३६ मत ल्याएका थिए भने महेन्द्रले ३२ हजार ११२ मत ल्याएका थिए। झिनो मतान्तरले पराजित भएपछि महेन्द्र अदालतसम्म पुगेका थिए। तर अदालतले उनको विपक्षमा फैसला गरेको थियो। यसपटक पनि यी दुई उम्मेदवारबिच नै मुख्य प्रतिस्पर्धा हुने अनुमान छ। धनुषा–४ कांग्रेस र एमाले दुवै दलको गढ मानिन्छ।

**सर्लाही–२ : तेस्रो पटक आमनेसामने हुँदै राजेन्द्र र महिन्द्र**

सर्लाही क्षेत्र नम्बर २ मा नेकपाबाट महिन्द्र राय यादव र राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले उम्मेदवारी दिएका छन्। यी दुई नेताबिच राजनीतिक रुपमा पहिलेदेखि नै प्रतिस्पर्धा हुँदै आएको छ। दुवै नेता निर्वाचनमा तेस्रो पटक आमनेसामने हुन लागेका हुन्। यसअघि दुई पटक प्रतिस्पर्धा हुँदा दुवै पटक महिन्द्रले नै बाजी मार्न सफल भएका थिए। २०७९ को निर्वाचनमा तत्कालीन माओवादी केन्द्रको चुनाव चिह्न लिएर प्रतिस्पर्धामा उतारिएका महिन्द्रले राजेन्द्रलाई पराजित गरेका थिए। राजेन्द्र तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टीबाट निर्वाचन लडेका थिए। महिन्द्रले २३ हजार ५२९ मत ल्याएर विजयी हुँदा राजेन्द्रले २१ हजार ५१८ मत ल्याएर पराजित भएका थिए।

**सप्तरी–२ : सीके राउतलाई पनि छैन सहज**

२०७९ को निर्वाचनमा जनमत पार्टीका अध्यक्ष डा. सीके राउत र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवबिचको प्रतिस्पर्धाले सप्तरी क्षेत्र नम्बर २ चर्चामा थियो। उक्त निर्वाचनमा सीकेले उपेन्द्रलाई फराकिलो मतान्तरले पराजित गरेका थिए। राउतले ३५ हजार ४२ मत ल्याउँदा उपेन्द्रले १६ हजार ९७९ मत मात्रै पाएका थिए। यसपटक पनि सीके राउत यही क्षेत्रमा उम्मेदवार बनेका छन् भने उपेन्द्र मैदान खाली गरेर सप्तरी–३ मा पुगेका छन्। उपेन्द्र नभएपनि सीकेलाई यसपटक सहज नरहेको विश्लेषण भइरहेको छ। किनकि यो क्षेत्रमा उनकै सहयात्री रहिसकेका मधेसका पूर्व मुख्यमन्त्री सतिश सिंह र पूर्व मन्त्री समेत रहेका जसपा नेपालका उमेश यादवले उनलाई चुनौती दिँदैछन्। सिंह स्वाभिमान पार्टीबाट उम्मेदवार बनेका छन्।

**महोत्तरी–२ : शरतसिंहलाई किरणको चुनौती**

महोत्तरी–२ शरतसिंह भण्डारीका लागि सहज निर्वाचन क्षेत्रको रुपमा हेरिँदै आएको छ। तर यसपटकको निर्वाचनमा भण्डारीलाई कांग्रेस नेतृ किरण यादवले चुनौती कडा टक्कर दिने आकलन छ। भण्डारीले २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा २५ हजार १९० मत ल्याउँदै सहज जित निकालेका थिए भने निकटतम प्रतिद्वन्द्वी तत्कालीन तमलोपाका डा. विजयकुमार सिंहले ११ हजार १२० मत पाएका थिए। २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा यही क्षेत्रबाट शरतसिंह र किरणबिच प्रतिस्पर्धा भएको थियो। त्यसबेला पनि भण्डारीले सहज जित निकालेका थिए। भण्डारीले ३० हजार ७२२ मत ल्याउँदा किरणले १३ हजार ९७४ मत मात्रै ल्याए।

# बदर मत घटाउन मतदाता शिक्षा अभियान

**रवीन्द्र उप्रेती**

बर्दिबास, २ फाल्गुन। जिल्ला निर्वाचन कार्यालयले महोत्तरीका १५ वटै स्थानीय तहमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने तयारी पूरा गरेको छ। निर्वाचनमा बदर मतको संख्या घटाउन र मतदातालाई निर्वाचनको महत्त्व बुझाउन यस कार्यक्रमले सहयोग पुग्ने विश्वास लिइएको छ। 'मतदाता शिक्षा विशेष कार्यक्रम २०८२' अन्तर्गत अनुगमनकर्ताको जिम्मेवारी पाएका स्थानीय तहका शिक्षा शाखाका १५ जना स्रोत व्यक्तिलाई एकदिने तालिम दिइएको छ। त्यस्तै जिल्लाभरका १३८ वटा वडाका बाल विकास सहजकर्तालाई पनि तालिम दिइएको जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले बताउनुभयो।

उहाँका अनुसार तालिमप्राप्त बाल विकास सहजकर्ताले सोमबार ३ गतेदेखि १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने छन्। सहजकर्ताले मतदाताको घरआँगनमा पुगेर लोकतन्त्रमा मतदानको महत्त्व र आवश्यकता बुझाउनुका साथै नमुना मतपत्रका आधारमा मतदान गर्ने तरिका सिकाउने छन्। विगतका निर्वाचनमा प्रतिनिधिसभा, प्रदेशसभा र दुईवटा समानुपातिक गरी चारवटा मतपत्रमा छाप लगाउनुपर्दा धेरैजसो मतदाता झुक्किएर मत बदर भएको पाइएको थियो।

निर्वाचन अधिकारी झाले भन्नुभयो, "मतदाता शिक्षाले मत दिन मात्र सिकाउने नभई बदर मतको अनुपात घटाउन र निर्वाचनमा मतदाताको सहभागिता बढाउन समेत सहयोग पुग्ने छ।" निर्वाचन क्षेत्र नं. १ का निर्वाचन अधिकृत गगनदेव महतोले घरआँगनमा पुगेर दिइने शिक्षाले निर्वाचनलाई सरल, सहज र सहभागितामूलक बनाउन मद्दत पुग्ने बताउनुभयो। चार निर्वाचन क्षेत्र र चार लाख ३१ हजार २८२ मतदाता रहेको महोत्तरीमा २५८ मतदान स्थल र ५३६ मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

# अघिल्लो चुनावमा पुल शिलान्यास गरेर गएका नेता फर्केर आएनन्, मतदाताको आक्रोश

**शारदा पोखरेल**



बारा, २ फाल्गुन। शिलान्यास भएको ४ वर्षसम्म पनि सिमरा–कोल्हवी सडकखण्ड अन्तर्गतको रामनगर पसाहा खोलामा पुल नबनेपछि मतदाताहरू आक्रोशित भएका छन्। प्रत्येक निर्वाचनमा भोट माग्न आउने उम्मेदवारहरूले पुल बनाउँछु भन्दै प्रतिबद्धता जनाउँछन्, तर जितेर गएपछि फर्केर नआउने गरेको स्थानीय मतदाताहरूको गुनासो छ। २०७९ को प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनको मुखमा सो पुलको शिलान्यास भएको थियो। तत्कालीन संघीय सांसद रामबाबु प्रसाद यादव र रामसहाय प्रसाद यादव (हाल उपराष्ट्रपति) ले संयुक्त रूपमा शिलान्यास गरेका थिए। गत निर्वाचनमा रामबाबु बारा–३ मा पराजित भए भने रामसहाय बारा–२ बाट निर्वाचित भएलगत्तै उपराष्ट्रपति बने।

सो क्षेत्रमा मतदाताहरूले एमालेकी ज्वालाकुमारी साहलाई निर्वाचित गराए। तर, साहले निर्वाचित भएको करिब ४ वर्षमा पुल निर्माणका लागि कुनै पहल नगरेको स्थानीयहरूको गुनासो छ। जीतपुर सिमरा–१७, जैतापुरका ७८ वर्षीय वृद्ध रामआज्ञा साहले जनताको काम गर्ने कोही नेता अहिलेसम्म नजन्मिएको गुनासो गरे। 'यहाँका लागि नेता नै कोही छैनन्, सबै नेता आउँछन्, जान्छन्, हेर्छन् तर कसैले केही गर्दैनन्,' साहले भने, 'कांग्रेसको मान्छे हौं, हामी कांग्रेसलाई भोट दिँदै आएका हौं तर अब मन मरिसक्यो।' खोलामा पुल नहुँदा असार–साउन महिनाभर यो बाटो बन्द हुन्छ। यहाँका स्थानीयहरू १ घण्टा घुमेर पूर्व–पश्चिम राजमार्गको प्रयोग गरी आउजाउ गर्ने गर्दछन्।

सिमराका उद्योगहरूमा काम गर्ने तथा कोल्हवी, करैयामाई, बारागढी हुँदै रौतहटसम्म आउजाउ गर्ने यात्रुहरूले मुख्य समस्या भोग्दै आएका छन्। सिमरादेखि रौतहटको गौरसम्म जाने यात्रुहरूका लागि मुख्य राजमार्गको तुलनामा सिमरा–कोल्हवीको सडक प्रयोग गर्दा ६० किलोमिटरसम्म दूरी कम पर्दछ। यो पुल बनिदियो भने धेरै सहज हुने साहको भनाइ छ। यहाँका स्थानीयहरूलाई नागरिकता बनाउन र वडा कार्यालयमा सिफारिस लिन खोला तरेर

# नयाँ पार्टी र नेतृत्वमा भोट हाल्न चाहनेका लागि कांग्रेस नै विकल्प : सभापति थापा





सर्लाही, २ फाल्गुन। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नयाँ पार्टी र नयाँ नेतृत्वलाई मतदान गर्न चाहनेका लागि कांग्रेस नै उपयुक्त विकल्प भएको बताउनुभएको छ। सर्लाहीको धनकौलमा आयोजित कार्यक्रममा बोल्दै उहाँले भन्नुभयो, “यदि कसैले नयाँ पार्टी र नयाँ नेतृत्वमा भोट हाल्न चाहन्छ भने त्यो नेपाली कांग्रेस हो। किनकि कांग्रेसले आफ्नो विरासतलाई जोगाउँदै नयाँ रूपमा नीति र नेतृत्व लिएर आएको छ।”

उहाँले अबको देश युवाहरूको काँधमा रहेको र कार्यक्रममा युवाहरूको बाक्लो उपस्थिति देख्दा खुसी लागेको बताउनुभयो। युवाहरूले नै देश हाँक्नुपर्ने भएकाले सक्रिय सहभागिता हुनुपर्नेमा जोड दिँदै सभापति थापाले भन्नुभयो, “सधैं अरूले युवाहरू कहाँ छन् भनेर सोध्ने गर्थे तर आज धनकौलमा युवाहरू, खासगरी ‘जेन–जी’ पुस्ता देखेपछि धेरै खुसी भएको छु। म उहाँहरूको विचार र क्षमताको कदर गर्न चाहन्छु।”

थापाले मधेसको जग बलियो बनाउन शिक्षा अपरिहार्य रहेको चर्चा गर्दै त्यसका लागि युवाहरूले निर्वाचनमार्फत पार्टीलाई जिताउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, “अहिले सर्लाही लगायत मधेसका जिल्लामा शिक्षा, स्वास्थ्य र सिँचाइ मुख्य समस्या हुन्। यहाँको जग नै बलियो बनाउनु छ। त्यसका लागि एक युवाले आफ्नो परिवारका पाँच सदस्यलाई कांग्रेसका बारेमा बुझाउनुपर्ने स्थिति छ। युवाहरूले यसको जिम्मा लिनुपर्छ।”

कांग्रेसको आगामी संकल्प पत्रमा सर्लाहीका समस्यालाई प्राथमिकताका साथ समेट्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो। “सर्लाहीका समस्या कांग्रेसको संकल्प पत्रमा परोस् भनेर म आजै काठमाडौँ जाँदै छु, म फेरि आउनेछु,” उहाँले भन्नुभयो। कांग्रेससँग देश चलाउने उत्साह र अनुभव दुवै रहेकाले देशको नेतृत्वका लागि जिम्मेवारी दिन उहाँले आग्रह गर्नुभयो। “देशको नेतृत्व गर्ने अवसर पाएमा के गर्ने भन्नेबारे हाम्रो ‘प्रोजेक्ट गभर्मेन्ट’ तयार छ। प्रधानमन्त्री बनेपछि पाँच वर्षमा गर्ने कामको विस्तृत अध्ययन र अनुसन्धान गरेका छौँ। त्यसलाई कार्यान्वयन गर्ने जिम्मा दिने अधिकार देशभरका मतदातामा छ,” सभापति थापाले भन्नुभयो।

# जलविद्युत आयोजनाले मापदण्ड अनुसार पानी नछाड्दा धेरै नदीमा पानी सुक्यो



काठमाडौं, २ फाल्गुन। जलविद्युत् आयोजनाहरूले मापदण्डअनुसार पानी नछाड्दा पर्वतको मोदीखोला संकटमा परेको छ। पर्वत खण्डमा मोदीखोलामा मात्रै चारवटा आयोजना छन्। नदीमा कम्तीमा २५ प्रतिशत प्राकृतिक बहाव निरन्तर छाड्नुपर्ने कानूनी प्रावधान रहे पनि यसको कार्यान्वयन नहुँदा मोदीखोलाको प्रख्यात असला माछाको अस्तित्वसमेत गुम्दै गएको छ। यो समस्या मोदीखोलासँगै जलविद्युत् आयोजना रहेका धेरैजसो नदी तथा खोलामा रहेको छ। सोलुखुम्बुको लिखुखोला र सोलुखोलामा पनि यस्तै समस्या रहेको स्थानीयबासीहरू बताउँछन्। हिउँदमा खोला पुरै सुक्दा चराचुरुङ्गी र वन्यजन्तुको बासस्थान पनि नष्ट भएको छ।

यस्तै, खोला सुक्दा मानिसको आयआर्जनको बाटो रोकिने, सिँचाइ, खानेपानी लगायतका समस्यासँगै धार्मिक तथा सांस्कृतिक समस्या पनि देखिन थालेका छन्। पाँचथरको फिदिम नगरपालिका वडा नम्बर ४ का अध्यक्ष उपेन्द्र लावती हेवा खोलामा पानी सुक्दा हिउँदमा शव जलाउनै समस्या हुने गरेको बताउनुहुन्छ। पुल्चोक इन्जिनियरिङ क्याम्पसका प्राध्यापक डा. मुकेशराज काफ्ले जलविद्युतको विकाससँगै प्रकृति र मानवीय मूल्यमान्यतामा परेको असर चिन्ताजनक रहेको बताउनुहुन्छ। वातावरण अनुकूल विकासको पर्याय मानिएको नवीकरणीय ऊर्जाको प्रमुख स्रोत जलविद्युत् आयोजनाका कारण परेको प्रभावबारे बहस आवश्यक रहेको उहाँको भनाइ छ।

# सुनसरीबाट पेस्तोलसहित भारतीय नागरिक पक्राउ

सुनसरी, २ फाल्गुन। सशस्त्र प्रहरी बलले सुनसरीबाट पेस्तोलसहित भारतीय नागरिकलाई नियन्त्रणमा लिएको छ। मेड इन इटली लेखेको पेस्तोल र त्यसको तीन राउन्ड गोलीसहित भारतको अररिया ग्राम पञ्चायत– ४ बस्ने ३६ वर्षका राम थेलन पासवानलाई सुनसरी गाउँपालिका– ३ जमुवास्थित सीमानाकाबाट निर्वाचन क्षेत्र सुरक्षा बेसले शुक्रबार साँझ नियन्त्रणमा लिएको हो।

भारतीय नम्बरप्लेटको मोटरसाइकलमा नेपालतर्फ आउँदै गरेका पासवानको साथबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ एक सय ग्राम, नेपाली रुपैयाँ सात हजार पाँच र भारतीय रुपैयाँ नौ हजार ३८० र मोटरसाइकल समेत बरामद भएको छ। नियन्त्रणमा लिइएका पासवानलाई बरामद सामग्रीसहित आवश्यक कारबाहीका लागि नेपाल प्रहरीमा बुझाइएको सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए।

**सीमानाकामा कडाइ गर्न डिआइजी थापाको निर्देशन**

निर्वाचनलाई लक्षित गर्दै सीमानाकामा उच्च सतर्कता अपनाउन सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक मनीष थापाले निर्देशन दिएका छन्। उनको निर्देशनसँगै नाकामा चेकजाँचलाई तीव्रता दिइएकोमा भारतीय युवक पेस्तोलसहित पक्राउ परेका हुन्। डिआइजी थापाले इलाम, झापा, मोरङ र सुनसरी जिल्लाका सीमानाकाको स्थलगत अनुगमन गर्दै सीमाबाट हुने अवैध क्रियाकलापमा निर्मम ढंगले लाग्न मातहत सबै युनिटलाई निर्देशन दिएका छन्।

# महाशिवरात्रिः पशुपति क्षेत्रमा साधुसन्त र भक्तजनको चहलपहल



काठमाडौँ, २ फाल्गुन। महाशिवरात्रि पर्वका अवसरमा पशुपति क्षेत्रमा साधुसन्त एवं टाढाबाट आउने भक्तजनको चहलपहल बढेको छ। देश, विदेशबाट आएका साधुसन्त एवं भक्तजनका कारण पशुपति क्षेत्रमा मेला लागेको छ। महाशिवरात्रिका अवसरमा निःशुल्क स्वास्थ्य शिविर, निःशुल्क भोजन सेवा, खानेपानी, चियालगायत सेवा गर्नेको पनि घुइँचो छ। कतिले सेवा सुरु गरिसकेका छन्भने कतिले सेवाको तयारी गरेका छन्। महाशिवरात्रिको तयारीका लागि पशुपति क्षेत्र विकास कोषका पदाधिकारी एवं कर्मचारी स्थलगत रूपमै खटिएर काम गरिरहेका छन्।

हंसमण्डप क्षेत्रको स्थलगत अनुगमनमा खटिनुभएका कोषका कोषाध्यक्ष श्रीधर सापकोटाले यस वर्ष सफाइमा विशेष ध्यान दिइएको बताउनुभयो। पशुपति क्षेत्रमा आएका साधुसन्त र भक्तजनका लागि प्रभावकारी व्यवस्थापनमा कोष लागिरहेको उहाँले उल्लेख गर्नुभयो। यस वर्ष चार हजारदेखि चार हजार ५०० सम्म साधुसन्त आउने अनुमान गरिएको उहाँले जानकारी दिनुभयो। गत वर्षभन्दा यस वर्ष साधुसन्त बढी आउने अनुमान गरिएको कोषले जनाएको छ। पशुपति क्षेत्रमा सेवा दिइरहेका स्वयंसेवी संस्थाको दृष्टिमा भने यस वर्ष विगतमा भन्दा कम मानिस अघिल्लो दिन पशुपति क्षेत्रमा आएका कोषाध्यक्ष सापकोटाले बताउनुभयो।

हंसमण्डपमा भोजन सेवामा खटिनुभएका विनोद लीला अग्रवाल विगत वर्षभन्दा कम भक्तजन आएका उल्लेख गर्नुभयो। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण पनि मानिसको आवागमन कम भएको हुनसक्ने उहाँको अनुमान छ। महाशिवरात्रिका लागि पशुपति क्षेत्रलाई विशेष रुपमा सिँगारिएको छ। फूलमालाले विशेष रुपमा सिँगारेर आकर्षक बनाइएको छ।

**आर्यघाट र राममन्दिर क्षेत्रको वाग्मती किनारमा सफाइ**

‘राष्ट्रको लागि हप्ताको दुई घण्टा स्वयंसेवा’ भन्ने नाराका साथ वाग्मती सफाइ महाअभियानको ६६६औँ हप्ताको सफाइ पशुपति क्षेत्रस्थित राममन्दिरमुनिको नदी किनारमा गरिएको छ। फागुन ३ गते आइतबार महाशिवरात्रि पर्वको तयारीका लागि पशुपति क्षेत्रको राममन्दिर, आर्यघाटसँगै यहाँको नदी किनारमा सरसफाइ गरिएको हो।

सफाइमा कोषका सञ्चालक परिषद् सदस्य रामेश्वर संगतसहित कर्मचारी, काठमाडौँ महानगरपालिका–११ का अध्यक्ष हीरालाल तण्डुकार, महानगर वातावरण विभागका प्रमुख सरिता राई, महानगर टेकुका प्रमुख मीनबहादुर थापासहित कर्मचारी, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिका कर्मचारीलगायत जनप्रतिनिधि एवं स्थानीयवासीको सक्रियतामा आज त्यस क्षेत्रमा सफाइ गरिएको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिनुभयो। आजको सफाइमा त्यस क्षेत्रबाट कुहिने र नकुहिने लगभग १८ मेट्रिकटन फोहर व्यवस्थापन गरिएको पनि उहाँले जानकारी दिनुभयो।

# निर्वाचनमा बालबालिका प्रयोग नगर्न प्रशासनको निर्देशन

रौतहट, २ फाल्गुन। जिल्ला प्रशासन कार्यालय रौतहटले निर्वाचनका क्रममा बालबालिकालाई कुनै पनि राजनीतिक तथा चुनावी गतिविधिमा प्रयोग नगर्न आग्रह गरेको छ। आगामी २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै प्रशासनले सूचना जारी गर्दै यस्तो निर्देशन दिएको हो। रौतहटका सहायक सिडिओ जितेन्द्र कुमार यादवले शुक्रवार एक प्रेस विज्ञप्ति जारी उक्त आग्रह गरेका हुन। बालबालिका राष्ट्रका भविष्य भएकाले उनीहरूलाई राजनीतिक प्रभाव, जोखिमपूर्ण गतिविधि तथा मानसिक–शारीरिक शोषणबाट जोगाउनु राज्य, राजनीतिक दल तथा सम्पूर्ण समाजको साझा दायित्व भएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

नेपालको संविधान, बाल अधिकारसम्बन्धी ऐन तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार पनि बालबालिकालाई राजनीतिक गतिविधिमा प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था रहेको सूचनामा जनाइएको छ। निर्वाचन प्रक्रियालाई पूर्ण रूपमा बालमैत्री, मर्यादित र कानुनसम्मत बनाउन सबै राजनीतिक दल, उम्मेदवार, समर्थक तथा सरोकारवालालाई बालबालिकालाई चुनावी सभा, जुलुस, प्रचारप्रसार लगायत कुनै पनि गतिविधिमा प्रयोग नगर्न प्रशासनले आग्रह गरेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)